जानकी गाउँपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

दुर्गौली, कैलाली

सुदुरपश्चिम प्रदेश, नेपाल

**बसन्ते तरकारी क्षेत्र विस्तार कार्यक्रममा सहभागी हुन इच्छापत्र पेश गर्ने बारेको सूचना !**

**सूचना नं. :- ८/२०७९/८०**

**(सूचना प्रकाशित मितिः- २०७९/०९/२८)**

जानकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कृषि विकास शाखा, दुर्गौली, कैलालीको आ.व.२०७९/०८० को बार्षिक स्वीकृत कार्यक्रम अनुसार ***"बसन्ते तरकारी क्षेत्र विस्तार कार्यक्रम सञ्चालन"*** का लागि इच्छुक कृषक, कृषक समूह, कृषि उद्यमी, कृषि सहकारी संस्था, कृषि फर्महरुले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले ११ (एघार) दिन भित्र अर्थात (मिति २०७९/१०/०८ गते ) सम्म सम्वन्धित वडा कार्यालयमा ईच्छापत्र पेश गर्नहुन सम्बन्धित सबैमा जानकारी साथ अनुरोध छ । साथै म्याद नाघि आएका र रित नपुगेका निवेदन माथि कुनै पनि कारवाहि नगरिने ब्यहोरा अनुरोध छ ।

- कार्यक्रम सञ्चालन हुने क्षेत्रः- जानकी गाउँपालिका ।
- सहयोग अनुदानः- तरकारी बीउ र उत्पादन सामाग्रीमा ७५% अनुदान ।
- प्राविधिक सेवाः- नि–शुल्क ।
- क्षेत्रफलः- तरकारी खेतीका लागि २ कट्ठा क्षेत्रफल हुनुपर्ने ।
- समावेश गरिएको वाली :- करेला, काँक्रो र चिचिण्डा।

नोट : सम्वन्धित वडा कार्यालयमा दर्ता भएका ईच्छा पत्रहरु एकमुष्ठ रुपमा वडा कार्यालयको सिफारिस पत्र सहित मिति २०७९/१०/०९ गते जानकी गाउँपालिकाको कार्यालय कृषि विकास शाखामा वुझाउन हुन अनुरोध छ ।

**पेश गर्नु पर्ने कागजातहरु :-**

१. रु १० को हुलाक टिकट टाँसेको निवेदन ।
२. नेपाली नागरिकताको प्रतिलिपि ।
३. कृषक समूह, कृषि सहकारी संस्था, कृषि उद्यमी, कृषि फर्मको हकमा दर्ता, नविकरण, स्थायी लेखा नम्बर, कार्यकारी समितिको निर्णाय प्रतिलिपि।
४. लालपूर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको भए सम्झौताको प्रतिलिपि ।

**थपजानकारीकालागि**

जानकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि विकास शाखा,

दुर्गौली, कैलाली ।

फोन नं. ९८६८४३१०९५, ९८४८५५३७६५

२०७९/०९/२८

नारायण बहादुर बिष्ट